नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

visit Nepal 2020

पत्र संख्याः ज.यो.त.वि.शा. २०७६/२०७७

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल
दर्ता नं. 0669
मिति: 

चलानी संख्याः ७७

मितिः- २०७६।०५।०३

विषयः- GRIPS Masters/Ph.D. अध्ययन/छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।

श्री सबै निकाय ।

तपसिल अनुसारको अध्ययन/छात्रवृत्ति कार्यक्रममा सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७६/०५/०३ मा बसेको बैठकबाट निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेदवार मनोनयन गरि मनोनित कर्मचारीको नाम, सम्पर्क नं र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनु हुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरि सो को जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालीम तथा अध्ययन कार्यक्रममा उम्मेदवार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भै सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनि निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

| क्र सं | अध्ययन/तालीम/ सेमिनारको विषय | सिट संख्या | अध्ययन, तालिमको अवधि/ फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय/ कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यता/ अन्य प्रासंगिक व्यहोरा | अध्ययन/तालीम वितरण गरिएका निकाय/निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| 1 | "Master's Programs" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |
| 2 | "5-Years Ph.D Programs" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ • email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |
| 3 | "3- Years Ph.D Program`" | | starts on Fall 2020 | GRIPS/Japan | • for the detials www.grips.ac.jp/en/admissions/index/ • email-admissions@grips.ac.jp | सबै निकायले योग्यता पुगेका निजामती कर्मचारी मनोनयन गर्ने |

संलग्नः आयोजकबाट प्राप्त ब्रोसरहरु ।

(किरण थापा)
शाखा अधिकृत

बोधार्थ

श्री राष्ट्रिय योजना आयोग, आर्थिक विश्लेषण तथा बैदेशिक सहायता समन्वय शाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, सिंहदरबार ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदबार ।

फोनः(+९७७) ०१-४२००३०६ ईमेलः info@mofaga.gov.np , hrd.moga@gmail.com सन्देश सूचना बोर्डः १६१८०१४२००३०९